# ३ विश्वासीहरूलाई एकताको शुत्रमा राख्न सुसमाचारको प्रभाव

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्</u>* :गलाती २:१-१४ ,१ कोरन्थी १:१०-१३ , उत्पत्ति १७:१-२१ ,यूहन्ना ८:३१-३६ ,कलस्सी ३:११।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद</u>* :"यदि तिमीहरूको बीचमा केही यस्ता कुराहरू भयो भने एक आपस सहमत हुन खोज। सबैमा एकै खालका प्रेम होस्। तिमीहरू आत्मा वा मनमा, सोचमा र काममा एक हुनु। यदि तिमीहरूले यो गऱ्यौ भने मेरो आनन्द पूरा हुनेछ।) "फिलिप्पी २:२ रूपान्तरित(।

जोन क्यालभिन चर्चको सुधारक थिए। उनी पन्ध्रौं शताव्दीमा फ्रान्समा जन्मेका थिए। सुधारवादीले चर्चको क्रियाकलाप तथा शिक्षादीक्षालाई सुधार गर्न खोज्छन्। शैतानले चर्चलाई हमला गर्न दुई अस्त्रहरू प्रयोग गर्छ भनेर क्यालभिनले विश्वास गरेका थिए। ती हतियारहरू हुनः (१) एक आपसमा सहमत नहुनु र (२) बिभाजित वा चर्चलाई टुक्रा टुक्रा पार्नु। इसाईहरूलाई जतिसक्यो उत्ति बिभाजित मनस्थितिबाट अलग हुन उनले सतर्क गराएका थिए।

तर के बाइबलको सत्यभन्दा चर्चको एकतामा महत्त्वपूर्ण छ त ? जर्मनको धार्मिक परिषद वर्म को अगाडि मार्तिन लुथरलाई सम्झनुहोस्। उनी पनि पन्द्रौं शताब्दीका चर्चको सुधारक थिए। हामीहरूको धर्मकर्मबाट होइन तर विश्वासबाटमात्र हामी मुक्ति पाउँछौं भन्ने शिक्षालाई विश्वास गर्दा इसाई धर्मगुरूले नै उनको बिरुद्धमा मुद्धा चलाएका थिए। तिनीहरूको आरोपलाई सामना गर्न मार्टिन लुथर वर्मको संसदको सामु उभिनुपरेको थियो।) पापको आधिपत्यबाट छुटकारा पाएर परमेश्वरको वचनलाई मात्र आत्मसात् गर्न प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरूको चाहना थियो।

"आफ्नो खिलाफमा मुद्धा चलाउँदा रोमन क्याथोलिक चर्च नटुक्रियोस् आफूले लिएको विश्वासहरूको अडान उनले छोडेको भए के हुन्थ्यो होला? तब शैतान र उसका जत्थाले बिजय पाउने थिए होला। तर सत्यको लागि बलियो भएर लुथर उभिएको हुनाले चर्चलाई स्वतन्त्र गराइयो। त्यसले चर्चको निम्ति नयाँ र अझ असल युग सुरू गराएको थियो।"एलेन जी ह्वाइट ,*द ग्रेट कन्त्रोभर्सी* ,पृ. १६६।

नकावधारी वा देखावटी इसाईहरूले छतविछत गर्न खोजेको नयाँ करारको चर्चलाई एकताको सूत्रमा राखीरहन प्रेरित पावलले भरमग्दुर प्रयास गरेका थिए

भनेर गलाती २:१-१४ ले देखाउँदछ। हो, चर्चलाई एकै ठाउँमा राख्न पावलको निम्ति अत्यन्त महत्त्वपूर्ण विषय थियो। तर सबै जना एक हुन् भन्ने चाहनालाई प्राथमिकता दिन सत्यलाई कमजोर बनाउन उनले अस्वीकार गरेका थिए। हेही हदमा चर्चमा मतभिन्नता हुने प्रावधान छ। तर त्यसको निम्ति सुसमाचारको सन्देशलाई कदापी कमजोर पार्नुहुन्न।

## १. एकता वा एक आपसमा सहमती हुनुको जरुरी (१ कोरन्थी १:१०-१३)

चर्चमा एकता हुनु कत्तिको जरुरी छ भनेर पावलले १ कोरन्थी १:१०-१३मा पावलले उल्लेख गर्दछन्। इसाई हुँ भनेर दावी गर्नेमात्र होइन एक आपसमा सहमत हुँदै एकताको शुत्रमा बसिरहनु पावलको निम्ति किन महत्त्वको बिषय हुन गएको छ? हेर्नुहोस्: " १० भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म तिमीहरूलाई आग्रह गर्दछु, कि तिमीहरू सबै एक-अर्कासँग सहमत होओ, र तिमीहरूको माझमा केही फूट नहोस्। तर तिमीहरू एकै मन र एकै विचारका होओ। ११ किनकि, मेरा भाइ हो, तिमीहरूमा झगड़ा छ भन्ने कुरा क्लोएका परिवारहरूले मलाई खबर दिएका छन्। १२ मेरो भन्ने तात्पर्य यही हो, तिमीहरू कसैले, “म पावलको”, कसैले “म अपोल्लोसको”, कसैले “म केफासको” र कसैले “म ख्रीष्टको हुँ” भन्छौ अरे। १३ के ख्रीष्ट बाँड़िनुभएको छ र? के पावल तिमीहरूका निम्ति क्रूसमा टाँगियो र? अथवा के पावलको नाउँमा तिमीहरू बप्तिस्मा भयौ र? "

पावलले उनको विश्‍वासप्रति शत्रुहरूले गरेको अर्को आक्रामणतिर आफ्नो ध्यान गएको गलाती २:१,२मा यसरी लेख्दछन्: " १ चौध वर्षपछि बारनाबाससँग तीतसलाई साथमा लिई म फेरि यरूशलेम गएँ। २ ईश्‍वरीय प्रकाश पाएअनुसार म गएँ, र तिनीहरूका सामुन्ने त्यही सुसमाचार राखें, जो म अन्यजातिहरूलाई प्रचार गर्दछु। तर अगुवाझैं देखा पर्नेहरूका सामुन्ने मैले यो एकान्तमा प्रस्तुत गरें, ताकि मैले जो दौड दौडें वा दौडिरहेको छु, त्यो व्यर्थ नहोस्।" पत्रुस र अरू चेलाहरूसँग सहमत नभई आफू खुशी भनेर आफ्नै सुसमाचार पावलले प्रचार गर्छन् भन्ने झूटा आरोप ती झूटा इसाई धर्मगुरूहरूले गलातीमा फैलाइरहेका थिए। प्रेरितहरू ती थिए जसलाई येशूले सुसमाचार प्रचार गर्न नियुक्त गर्नुभएको थियो। तिनीहरू चर्चमा अगुवा र गुरूहरू भएर सेवा गर्दथे। पावलले प्रेरितहरूको शिक्षाको बिपरित गइरहेका छन् भनेर उनको नाश खोज्ने ती इसाई भनाउँदाहरूले भ्रम फैलाइरहेका थिए। कसैको नियन्त्रणमा नबस्ने र चर्चलाई भाँड्ने पावल खतरा व्यक्ति हुन् भनेर नकावधारी इसाई धर्मगुरूहरूले आरोप लगाइरहेका थिए।

आफ्नो आत्मिक परिवर्तन भएको कम्तिमा चौध वर्षपछि उनले येरुशलेममा यात्रा गरेका थिए भन्ने बृतान्त दिएर तिनीहरूले गरेको आक्रामणलाई पावलले जवाफ दिन्छन्। यो यात्रा कहिले गरियो भनेर हामीले ठोकुवा गर्न सक्दनौं। तर बाइबको समयमा एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्न अत्यन्त कठिन थियो। यदि पावल बसेको ठाउँ एन्टिओखियाबाट यरुशलेममा हिँडेर गयो भने कमसेकम तिन हप्ता लाग्दथ्यो। त्यो दुरी तिनसय माइल छ। फेरि त्यस यात्रामा पावलले धेरै खालका कठिनाइ र खतराहरूको सामना गर्नुपरेको थियो। तैपनि पावलले एन्टोओखियाबाट यरुशलेमामा यात्रा गरेका थिए। फेरि यो यात्रा येशूका चेलाहरूको निमन्त्रणामा पनि गरिएको थिएन। )त्यस वखत सञ्चार माध्यम अहिलेको जस्तो सजिलो र विभिन्न प्रविधिहरू थिएनन्। (तर पवित्र आत्माकै निर्देशनमा पावलले त्यो यात्रा गरेका थिए। जब पावल यरुशलेममा आइपुगेका थिए तब प्रेरितहरूको सामु आफूले पाएको सुसमाचारको बारेमा स्पष्ट धारणा उनले राखेका थिए।

पावलले त्यो किन गर्नुपरेको थियो त ?उनले के सिकाइरहेका थिए , त्यसको बारेमा शङ्का गरेर पावलले तिनीहरूलाई स्पष्टिकरण दिन खोजेको त होइन होला। चेलाहरूले उनलाई ग्रहण गर्न र उनको शिक्षालाई तिनीहरूले अनुमोदन गर्न वा सहमत गराउन पावललाई आवश्यक भएको थिएन। आफूले पाएको सुसमाचारको बारेमा चौध वर्षसम्म त उनले प्रचार नै गरिरहेका थिए। तर पावलले ती प्रेरितहरूको सहमति ,प्रोत्साहन र समर्थन चाहेका थिए।

त्यसकारण पावलको सन्देश फरक छ भनेर यहूदी-इसाईहरूले गरेको आरोप सरासर उनीमाथिमात्र गरेको आक्रमण थिएन। त्यो प्रेरित र चर्चको एकतामाथि गरेको हमला पनि थियो। येशूका चेला तथा प्रेरितहरूको बीचमा एकता भइरहनु अत्यन्त जरुरी थियो। यदि त्यो एकता कायम भएन भने गैर-यहूदीहरूको बीचमा प्रचार गर्ने पावलको लक्ष्य र येरुशलेममा रहेको मातृ चर्चको बीचमा भयङ्कर नकारात्मक परिणाम हुन्थ्यो। यदि गैर-यहूदी र यहूदी इसाईहरूको बीचमा सङ्गति वा भाइचारा भएन भने ,"ख्रीष्ट बिभाजित "हुन पुगिन्थ्ये। "त्यसले येशूको चर्चलाई टुक्राउँथ्यो। र पावलले गरेका अन्यजातिहरूको बीचमा गरेका सबै कामहरू बेकार हुन्थ्यो।"-एफ. एफ. ब्रुस. *द इपस्टल टु ड गलेशियनस्* )ग्राण्ड रापिड ,मिशिगन :विलियम बी ,इरडमान्स पव्लिशिङ्ग कम्पनी :१९३ *-पृ ,१११बाट रूपान्तरित।*

आज पनि चर्चले सामना गरिरहेका समस्याहरू के के छन् जसले गर्दा चर्चलाई कमजोर बनाइरहेको छ? ती समस्याहरूको हामीहरूले कसरी सामना गर्ने? )के हामी चर्चलाई परिवर्तन गर्न जिएका छौं कि परमेश्वरले हामीलाई

**कसरी परिवर्तन गर्नुभयो भनेर प्रतक्ष गवाही दिन बाँचीरहेका छौं?- अनुवादकको प्रश्न।**

## २. झुटो तथा देखावटी इसाई धर्मगुरूहरू र झुटो इसाई विश्वासी भाइबहिनीहरू गलाती २:३-५

पावल र केहि यहूदी इसाईहरूको बीचमा खतनाको विषयमा झगडा भएको थियो। देहायका पदहरूले बताउँदछ :उत्पत्ति १७:१-२२ " १ जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो,"म सर्वशक्तिमान्परमेश्वर हुँ। मेरो सामु हिंड्, र निर्दोष भएर बस्। २ मेरो र तिम्रो बीचमा म आफ्नो करार पक्का गर्नेछु, र म तिम्रो अत्यन्तै वृद्धि गराउनेछु। ३ तब अब्राम घोप्टो परे, र परमेश्वरले तिनलाई यसो भन्नुभयो, ४ "हेर्, यो मेरो करार तिमीसँगै छ। तिमी असंख्य जाति-समूहको पिता हुनेछौ। ५ अब उप्रान्त तिम्रो नाउँ अब्राम हुनेछैन, तर अब्राहाम हुनेछ, किनकि मैले तिमीलाई असंख्य जातिसमूहको पिता तुल्याएको छु। ६ म तिमीलाई अत्यन्तै फल्दो-फुल्दो तुल्याउनेछु, र तिमीबाट धेरै जातिहरू बनाउनेछु। तिमीबाट राजाहरू उत्पन्न हुनेछन्। ७ तिमी र तिमीपछिका तिम्रा सन्तानका परमेश्वर हुनलाई मेरो करार मेरो र तिम्रो र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा युग-युगसम्म स्थापित गर्नेछु। ८ तिमीले प्रवास गरेको यो देश, अर्थात्सारा कनान देश तिमी र तिम्रा भावी सन्तानलाई अनन्त अधिकारको निम्ति दिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु। ९ अनि परमेश्वरले अब्राहामलाई भन्नुभयो, "तिमीले चाहिँ मेरो करार पालन गर्नुपर्छ- तिमी र तिमीपछिका तिम्रा सन्तानहरूले तिनका पुस्तौंसम्म। १० मेरो र तिम्रो, र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा भएको तिमीहरूले पालन गर्नुपर्ने मेरो करार यही हो: तिमीहरूमध्येको हरेक पुरुष-जातिको खतना हुनुपर्छ। ११ तिमीहरूको आफ्नो लड़ीको खतना हुनुपर्छ। मेरो र तिमीहरूका बीचमा भएको करारको चिन्ह यही हुनेछ। १२ तिमीहरूका पुस्तौंसम्म तिमीहरूमा हरेक पुरुष आठ दिनको हुने बित्तिकै त्यसको खतना गरिओस्, र साथै तिनीहरूको पनि, जो तिमीहरूका सन्तान होइनन्, चाहे घरमा जन्मेको होस्अथवा कुनै विदेशीबाट दाम हालेर किनेको होस्। १३ चाहे तिम्रो घरमा जन्मेको होस्वा दाम हालेर किनेको होस्जसको खलड़ीको खतना भएको छैन, त्यसको खतना हुनैपर्छ। यसरी मेरो करार तिमीहरूको शरीरमा पछि परन्तुसम्म हुनेछ। १४ खतना नगरिएको जुनसुकै पुरुष-जाति जसको खलड़ीको खतना भएको छैन, त्यो मानिस आफ्नो जातिबाट बहिष्कार गरिनेछ। त्यसले मेरो करार भङ्ग गर्छ १५ फेरि परमेश्वरले अब्राहामलाई भन्नुभयो,"तिम्री पत्नी साराईलाई चाहिँ अबदेखि साराई

नाउँले नबोलाउनू, तर त्यसको नाउँ सारा हुनेछ। १६ म त्यसलाई आशिष्‌दिनेछु, र निश्चय नै त्यसबाट म तिमीलाई एउटा छोरो दिनेछु। म त्यसलाई आशिष्‌दिनेछु, र त्यो धेरै जातिहरूकी आमा हुनेछे। जाति-जातिहरूका राजाहरू त्यसबाट उत्पन्न हुनेछन्‌ १७ तब अब्राहाम घोप्टो परी मनमनै हाँसेर भने, के सय वर्ष पुगिसकेकोलाई सन्तान होलाऱू नब्बे वर्ष पुगेकी साराले बालक जन्माउलिन्‌ १८ अनि अब्राहामले परमेश्‌वरलाई भने, "इश्‌माएल नै तपाईंको आशिष्‌मा बाँचिरहे त हुन्छ। १९ तब परमेश्‌वरले भन्नुभयो, "हो, तर तिम्री पत्नी साराले नै तिम्रो लागि एउटा छोरा जन्माउनेछे, र तिमीले त्यसको नाउँ इसहाक राख्नेछौ। म त्यससित र त्यसपछि हुने त्यसका सन्तानसित आफ्नो करार स्थापित गर्नेछु। २० अनि इश्माएलको विषयमा चाहिँ मैले तिम्रो बिन्ती सुनें। हेर्‌, म त्यसलाई आशिष्‌दिनेछु, र म त्यसलाई फल्दो-फुल्दो तुल्याएर प्रशस्त गरी त्यसको वृद्धि गर्नेछु। बाह्र शासकको त्यो पिता हुनेछ, र म त्यसबाट एउटा ठूलो जाति उत्पन्न गराउनेछु। २१ तर मेरो करार त म इसहाकसँगै स्थापित गर्नेछु, जसलाई साराले आउँदो साल यही समयमा तिमीबाट जन्माउनेछे।२२ तिनीसित कुरा गरिसक्नुभएपछि परमेश्‌वर अब्राहामकहाँबाट जानुभयो।" गलाती २:१-५" १ चौध वर्षपछि बारनाबाससँग तीतसलाई साथमा लिई म फेरि यरूशलेम गएँ। २ ईश्‍वरीय प्रकाश पाएअनुसार म गएँ, र तिनीहरूका सामुन्ने त्यही सुसमाचार राखें, जो म अन्यजातिहरूलाई प्रचार गर्दछु। तर अगुवाझैं देखा पर्नेहरूका सामुन्ने मैले यो एकान्तमा प्रस्तुत गरें, ताकि मैले जो दौड दौडें वा दौडिरहेको छु, त्यो व्यर्थ नहोस्‌। ३ तर मेरो साथमा हुने तीतसलाई ग्रीक भए तापनि खतना हुनुपर्छ भनेर कसैले कर लाएन। ४ खतनाको यो कुरा उठ्यो, किनकि कति झूटा भाइहरू हाम्रो दलभित्र गुप्त रूपले पसिकन ख्रीष्टमा भएको हाम्रो स्वतन्त्रताको चेवा गरी हामीलाई बन्धनमा ल्याउन चाहन्थे। ५ सुसमाचारको सत्यता तिमीहरूका लागि सुरक्षित रहोस्‌भनेर तिनीहरूका सामुन्ने हामी एकै पलका निम्ति पनि झुकेनौं।" गलाती ५:१-६ " १ स्वतन्त्रताको निम्ति ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ। यसकारण दह्रो भएर खड़ा होओ, र फेरि दासत्वको जुवामुनि नपर। २ म पावलले नै तिमीहरूलाई भन्दछु, तिमीहरूले खतना लियौ भने ख्रीष्टबाट तिमीलाई कुनै फाइदा हुनेछैन। ३ खतना हुने प्रत्येकलाई म फेरि चेताउनी दिन्छु, कि सम्पूर्ण व्यवस्था पालन गर्न त्यो बाध्य हुन्छ। ४ तिमीहरू जो व्यवस्थाद्वारा धर्मी ठहरिन चाहन्छौ, तिमीहरू ख्रीष्टबाट अलग्ग भएका छौ। तिमीहरू अनुग्रहबाट तल खसेका छौ। ५ किनकि हामी पवित्र आत्माद्वारा विश्‌वासबाट धार्मिकताका आशाको प्रतिक्षा गर्छौं। ६ ख्रीष्ट येशूमा न त खतना केही मूल्यको न बेखतना केही मूल्यको हुन्छ। तर एउटै

कुराको मात्र मूल्य छ, अनि त्यो हो- प्रेमद्वारा काम गर्ने विश्वास।" र प्रेरित १५:१-५ " १ अब कोही मानिसहरूले यहूदियाबाट एन्टिओखियामा आएर भाइहरूलाई यस्तो शिक्षा दिन लागे, "तिमीहरू मोशाको रीतिअनुसार खतना भएनौ भने त तिमीहरूको उद्धार हुन सक्नेछैन। २ तब पावल र बारनाबासको तिनीहरूसँग धेरै मतभेद र वाद-विवाद भएपछि, त्यहाँका भाइहरूले पावल र बारनाबास र अरू कति जनालाई यस प्रश्नको फैसलाको निम्ति प्रेरितहरू र एल्डरहरूकहाँ यरूशलेम जानलाई नियुक्त गरे। ३ मण्डलीका सदस्यहरूले तिनीहरूलाई त्यहाँबाट बिदा दिए। तिनीहरू फोनिके र सामरियाबाट भएर जाँदा अन्यजातिहरूले प्रभुलाई ग्रहण गरेको कुरा तिनीहरूलाई सविस्तार सुनाए। यस खबरले त्यहाँका भाइहरू अत्यन्तै आनन्दित भए। ४ जब तिनीहरू यरूशलेम आइपुगे, तब तिनीहरूलाई मण्डली, प्रेरित र एल्डरहरूले स्वागत गरे। परमेश्वरले तिनीहरूसँग गर्नुभएका सबै कुराको प्रतिवेदन तिनीहरूले त्यहाँ दिए। ५ तब फरिसी दलका कतिपय विश्वास गर्नेहरूले उभिएर भने, "अन्यजातिहरूको खतना हुनु र तिनीहरूलाई मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिनु आवश्यक छ।अन्य जाति वा गैर-यहूदीहरू जब इसाई भयो तब तिनीहरूले पनि खतना गर्नुपर्छ भनेर यहूदी इसाईहरूले किन जिकिर गरेको उपर्युक्त पदहरूले सजिलैसँग बताउँछ। तर तिनीहरूले अरू जातिहरू पनि इसाई भएमा खतना गर्नुपर्छ भनेर किन ठोकुवा गरेका होलान्?

**यहूदी जातका पूर्वज पिता अब्राहमसँग परमेश्वरले आफ्नो एकवद्धता कायम गर्नको निम्ति उहाँले खतनाको विधि बिषेश चिनोको रूपमा दिनुभएको थियो। खतनाको विधि केवल अब्रहामका पुरुष सन्तानलाई मात्र थियो) यो बिधिमा पुरुषको लिङ्गको टुप्पाको छाला काटिन्छ। यो विधिले यौन रोगबाट प्रतिरक्षा गर्दछ भनेर चिकित्सा विज्ञानले पुष्टि गरेको यस अनुवादले आफ्नो अध्ययनमा भेट्टाइएको थियो(। तर परमेश्वरसँग सम्झौता वा करार गरि उहाँसँगको विशेष सम्वन्धमा निरन्तरता दिन खतनाको विधि अपनाउन सबैलाई खुला गरिएको थियो। खतनाको चिनो अब्राहमलाई दिइएको थियो भनेर उत्पत्ति १७ ले बताउँदछ। आफ्नी श्रीमतीकी दासीबाट छोरा पाउँदा उसलाई आफ्नै छोरा बनाउन खोज्दा उसलाई खतना गरिएको थियो। परमेश्वरले गर्नुभएको बाचालाई आफैले सहयोग गर्न अब्राहमले त्यो कदम चालेका थिए। अब्राहम र साराहकै कोखमा जन्मेको बालकबाट सन्तान फैलिने छ भनेर परमेश्वरले बाचा गर्नुभएको थियो। तर आफू बुढी भइसकेकोले कसरी बच्चा पाउँछु र भनेर हतार मानेर साराहले त्यस बेलाको संस्कार अनुसार आफ्नी सेविका इजिप्टका दासी हागारलाई रखौली हुन अब्राहमकहाँ पठाइन्। परमेश्वरको वाचालाई सहायता गर्न यो गरिएको हो भनेर अब्राहम र साराहले ठानेका थिए। तर**

परमेश्‌वरले त्यसपछि मात्र खतनाको चिनो अब्राहमलाई दिनुभएको थियो। यो बिधि परमेश्‌वर र मानिस बीचमा गरिएको करारको उपयुक्त चिनो थियो। परमेश्‌वर आफैले गर्नुभएको प्रतिज्ञालाई पूरा गर्न मानिसको कुनै पनि उत्कृष्ट योजनाले पूरा गर्न सक्दैन भनेर यस खतनाले शङ्केत गरेको थियो। शारीरिक खतनाचाहिँ पापी मानिसको हृदयमा गरिएको उद्धार गर्ने आत्मिक खतनाको प्रतीक थियो) व्यवस्था १०:१४-१६" १४ आकाशहरू, सर्वोच्च आकाशमण्डलहरू, र पृथ्वी र त्यसमा भएका जे-जति छन्, ती सबै परमप्रभु तिमीहरूका परमेश्‌वरकै हुन्। १५ तापनि तिमीहरूका पिता-पुर्खामा नै आफ्नो प्यार खन्याई परमेश्‌वरले तिनीहरूलाई प्रेम गर्नुभयो, र आज तिमीहरूले देखेझैं तिनीहरूका सन्तान तिमीहरूलाई नै सबै जातिहरूका माझबाट उहाँले चुन्नुभयो। १६ यसकारण अब आफ्ना हृदयको खतना गर, र अबदेखि त्यस्तो हठी नहोओ।", व्यवस्था ३०:१-६" १ परमप्रभु परमेश्‌वरले जाति-जातिहरूका बीचमा तिमीहरूलाई धपाइपठाउनुभएपछि जब यी आशिष् र श्राप तिमीहरूमाथि पर्नेछन्र तिनको स्मरण गरेर २ तिमीहरू र तिमीहरूका सन्तान परमप्रभु आफ्ना परमेश्‌वरकहाँ फर्कनेछौ, र आज मैले आज्ञा गरेका उहाँका वचन आफ्नो पूरा हृदय र आफ्नो पूरा प्राणले मान्नेछौ, ३ तब परमप्रभु आफ्ना परमेश्‌वरले तिमीहरूका सुदिन फर्काउनुहुनेछ र तिमीहरूलाई टिठ्याउनुहुनेछ, र जुन जातिहरूका बीचमा तिमीहरूलाई तितरबितर पार्नुभएको थियो, तीबाट तिमीहरूलाई बटुलेर ल्याउनुहुनेछ। ४ तिमीहरू देशनिकाला भएर आकाशमुनिको सबैभन्दा टाढ़ो देशमा भए पनि त्यहाँबाट परमप्रभु तिमीहरूका परमेश्‌वरले तिमीहरूलाई बटुल्नुहुनेछ, र त्यहाँबाट तिमीहरूलाई फर्काएर ल्याउनुहुनेछ। ५ तिमीहरूका पिता-पुर्खाले अधिकार गरेको देशमा परमप्रभु आफ्ना परमेश्‌वरले तिमीहरूलाई ल्याउनुहुनेछ, र तिमीहरूले त्यसको अधिकार गर्नेछौ, र उहाँले तिमीहरूलाई तिमीहरूका पिता-पुर्खाभन्दा उन्नतिशील र असंख्य बनाउनुहुनेछ। ६ परमप्रभु तिमीहरूका परमेश्‌वरलाई तिमीहरूले आफ्नो सारा हृदय र आफ्नो सारा प्राणले प्रेम गर्नलाई उहाँले तिमीहरूको र *तिमीहरूका सन्तानको हृदयको खतना गर्नुहुनेछ, र तिमीहरू जिउन सक*।"यर्मिया ४:४ "परमप्रभुमा आफूलाई खतना गर। हे यहूदाका मानिसहरू र यरूशलेमका बासिन्दाहरू हो, तिमीहरूका हृदयको खतना गर, नत्रता तिमीहरूले गरेका दुष्टताले गर्दा मेरो क्रोध आगोझैं दन्केर निस्कनेछ, र कसैले ननिभाउने गरी त्यो जल्नेछ।" र रोमी २:२९ "यहूदी त्यो हो, जो भित्री रूपले यहूदी हो, र साँचो खतनाचाहिँ हृदयको कुरो हो, यो आत्मिक कुरा हो, लिखित व्यवस्थाको कुरा होइन। यस्तो मानिसको प्रशंसा मानिसहरूबाट होइन, तर परमेश्‌वरबाट हुन्छ।"

खतना भनेको हामी आफूमाथि भर पर्नु छोडेर परमेश्वरमा भर पर्नुपर्छ भनेर देखाउने चिनो हो।

तर राष्ट्रिय र धार्मिक गौरबलाई देखाउन  पावलको समयमा खतना यहूदीहरूको निम्ति एक बहुमूल्य विधि भएको थियो। जुन् उद्देश्यले यो बिधि प्रथम पटक परमेश्वरले दिनुभएको थियो त्यो उद्देष्य जातियता र धार्मिक संस्कारको रितिथितिमा हराइएको थियो। येशूको जन्म भएको करिब एकसय पचास वर्ष अघि बफादारी तथा देशप्रेमी यहूदीहरूले पालेस्टाइनको सबै यहूदी र गैर-यहूदी पुरुषहरूलाई जबरजस्ती खतना गर्न लगाएका थिए। साथै ती अतिवादी यहूदीहरूको मातहतमा रहेका सबै छिमेकी देशहरूमा पनि खतना गर्न निर्देशन दिइएको थियो। कतिले त खतना भनेको मुक्तिको निम्ति "राहदानी वा पासपोर्ट" हो भनेर विश्वास गरेका थिए। बाइबलको समयमा प्रचलित यस्तो खालको भनाइले पुष्टि गर्छ ,“खतना गरिएको पुरुषहरू नर्कमा खस्न सक्दैनन्। " सी.ई.बी. क्रेनफिल्ड ,ए क्रिटिकल एण्ड इक्सजिटिकल कमेन्टरी अन द इपस्टल्स टु द रोमनस् )इडनबर्ग ःटी. एण्ड टी. क्लार्क लिमिटेड ,१९७५(, पृ. १७२बाट रूपान्तरित।

पावल खतनाको बिधिकै विरुद्धमा थिए भन्नु गलत हुनसक्छ। तर के भने ,मुक्ति पाउन गैर–यहूदीहरूले पनि खतना गर्नैपर्छ भनेर झूटा धर्मगुरूहरूले प्रेरित १५ः१मा गरेको अभियानमाचाहिँ पावल सहमत थिएनन्। भ्रममा परेका यहूदी इसाई धर्मगुरूहरूले यसरी जोड गरेका थिए ः“तिमीहरूले पनि खतना गर्नुपर्छ भनेर मोसाले निर्देशन दिएका छन्। यदि तिमीहरूले खतना गरेनौं भने तिमीहरूले मुक्ति पाउन सक्दैनौ।)"प्रेरित १५ः१ रूपान्तरित(। गहिरिएर हेर्दा कुन विषयवस्तुमा कचकच भएको थियो त ?त्यो थियो खतना नभएर मुक्ति। मुक्ति भनेको येशूख्रिष्टलाई मात्र विश्वास गरेर पाइन्छ भनेर पावलको जिकिर थियो। कुनै मानवीय प्रयास वा कुनै निर्देशित विधिलाई पालन गरेर मुक्ति पाउने होइन भन्ने उनको दावी थियो। तर झूटा धर्मगुरूहरूलेचाहिँ व्यवस्था वा यहूदी धर्मको परम्परालाई पालन गरेर मुक्ति पाइन्छ भनेर सिकाएका थिए।

हुनसक्छ आजको परिवेशमा खतनाको विषयमा वादविवाद नहोला। यद्यपि आज पनि चर्चलाई धेरै विषयले वादविवादको भुमरीमा पारिरहेका हामी पाउँछौं। ती के होलान्?

## ३. असहमतको बीचमा पनि सहमत )गलाती २ः१-१०

गलाती २ः४मा भ्रममा परेका देखावटी यहूदी इसाईहरूको नियतलाई खोतलेर पावलले हाम्रो सामु आफ्नो दुखेसो यसरी पोखाउँछन्ः " कतिजना मानिसहरू हामीहरूकैबाट निस्केर गएका छन्। तिनीहरू इसाई नै हौं भनेर

बाहिरीरूपमा देखाउन चाहन्छन्। हामी येशू ख्रीष्टमा रहेकै कारण हामीमा भएको स्वतन्त्रतालाई तिनीहरूले चियो गर्न चाहन्छन्। तिनीहरूले हामीलाई फेरि दासहरू बनाउन चाहन्छन्।" (न्यु इन्टरनाशनल रिभाइज्ड भर्जनबाट रूपान्तरित)। येशूका भक्तहरू केबाट स्वतन्त्र छन् त ?कसको वन्धनबाट हामी फुत्कन पाएका छौं त ?मानिसहरूले जतिसुकै स्वतन्त्र छौं भनेर दावी गरेतापनि तिनीहरू यथार्थमा कस्को वन्धनमा छन् त ?हेर्नुहोस् :यूहन्ना ८:३१-३६ " ३१ येशूले आफूमाथि विश्‍वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। ३२ तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ। ३३ तिनीहरूले उहाँलाई जवाफ दिए, "हामी अब्राहामका सन्तान हौं, र अहिलेसम्म कसैको दासत्वमा परेका छैनौं। तिमीहरू स्वतन्त्र हुनेछौ भनी कसरी भन्छौ ३४ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, पाप गर्ने प्रत्येक पापको कमारो हो। ३५ कमारो सधैंभरि घरमा रहँदैन, तर पुत्रचाहिँ सधैंभरि घरमा रहन्छ। ३६ यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू निश्‍चय स्वतन्त्र हुनेछौ।",रोमी ६:१-९ " १ अब हामी के भनौं के अनुग्रह प्रशस्त मात्रामा होस्‌भनेर हामी पापमा लागिरहौं त २ त्यसो नहोस्! हामी जो पापको लेखि मर्‍यौं, त कसरी हामी अझै त्यसैमा जिउनु ३ के तिमीहरू जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं ४ यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड़ौं। ५ यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्‍चय नै हामी उहाँसँगै एक हुनेछौं। ६ हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। ७ किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ। ८ तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्‍वास गर्दछौं। ९ हामी जान्दछौं कि ख्रीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन। अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन।", रोमी ८:१-८ " १ यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन (अर्थात् हामीले सजायँ भोग्न फैसला गरिन्दैन)। २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ। ३ पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्‍वरले गर्नुभयो, अर्थात्‌उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो । यसरी उहाँले पापलाई शरीरमा नै दण्ड

दिनुभयो, ४ यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं।" गलाती ३:२३-२५ " २३ तर विश्वास आउन अघि हामी व्यवस्थाको वशमा थियौं, र विश्वास प्रकट नभएसम्म हामी थुनिएका थियौं। २४ विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो। २५ तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं।" गलाती ४:१-११ " १ मेरो भनाइको अर्थ यो हो, उत्तराधिकारी जबसम्म बालकै छ, ऊ सबै थोकको मालिक भए तापनि कमाराभन्दा फरक हुँदैन, २ तर बाबुले ठहराएको समयसम्म ऊ अभिभावक र संरक्षकको अधीनमा हुन्छ। ३ हामी पनि यसरी नै बालक छउञ्जेल संसारका दैवी शक्तिहरूको दासत्वमुनि थियौं, ४ तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो। उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो। ५ व्यवस्थाको अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पूरा हक प्राप्त गर्न सकौं। ६ तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले "हे अब्बा, पिता! भनेर हामी पुकाछौं। ७ यसैकारण, परमेश्वरद्वारा तिमी अब उप्रान्त दास होइनौ, तर पुत्र हौ, र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौ। ८ अघिअघि जब तिमीहरूले परमेश्वरलाई चिनेका थिएनौ, तिमीहरू तिनका दास थियौ, जो स्वभावले नै देव वा देवताहरू होइनन्, ९ तर अब त तिमीहरूले परमेश्वरलाई चिनेका छौ, अथवा परमेश्वरबाट चिनिएका छौ, र पनि फेरि कसरी तिमीहरू ती निर्बल र सुरु-सुरुका तुच्छ सिद्धान्तहरूतिर (वा परम्परा) फर्कन्छौ र फेरि तिनका दास बन्न चाहन्छौ १० तिमीहरू तिथिहरू, महिनाहरू, ऋतुहरू र वर्षहरू मान्दछौ। ११ मलाई त यस्तो लाग्छ, कि तिमीहरूका निम्ति गरिरहेको मेरो परिश्रम व्यर्थ भयो।" र हिब्रू २:१०-१८ " १० यो उचित थियो, कि परमेश्वर, जसको निम्ति र जसद्वारा सबै थोकको अस्तित्व छ, उहाँले नै धेरै सन्तानलाई महिमामा ल्याउनुहुँदा तिनीहरूका मुक्तिका कर्ता येशूलाई कष्टहरूद्वारा सिद्ध तुल्याउनुभयो। ११ किनकि पवित्र तुल्याउनुहुने र पवित्र तुल्याइएकाहरू पनि सबै एउटै परिवारका हुन्। त्यसैकारण तिनीहरूलाई भाइ भन्नमा येशू सर्माउनुहुन्न। १२ उहाँ भन्नुहुन्छ, "मेरा भाइहरूका सामुन्ने तपाईंको नाउँ म घोषणा गर्नेछु, सभाको बीचमा म तपाईंको प्रशंसा गर्नेछु" १३ र फेरि, "म उहाँमाथि मेरो भरोसा राख्नेछु। र फेरि उहाँ भन्नुहुन्छ, "हेर, म र परमेश्वरले मलाई दिनुभएका यी छोरा-छोरीहरू। १४ किनकि छोरा-छोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि

मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात्‌दियाबलसलाई (शैतान) उहाँले नष्ट गरून्, १५ र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदेऊन्। १६ किनकि साँच्चै नै उहाँले स्वर्गदूतहरूको होइन, तर अब्राहामका सन्तानको वास्ता गर्नुहुन्छ। १७ यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपऱ्यो, र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्‍वरको सेवामा उहाँ कृपालु र विश्‍वस्त प्रधान पूजाहारी बन्नुभयो।"। यो स्वतन्त्रताको आभास हामीले कसरी पाउने?

पावलको निम्ति यो स्वतन्त्रता जल्दोबल्दो विषयवस्तु हो। स्वतन्त्रता वा स्वाधिनता भन्ने त्यो स्थिति हो जुन् प्रत्येक येशूका परमभक्तले अनुभव गरेको हुनुपर्छ भन्ने उनको भनाइ हो। नयाँ करारका अरू लेखकहरूले भन्दा पावलले यो शब्दलाई धेरै प्रयोग गरेको पाइन्छ। विषेश गरेर स्वतन्त्र र स्वतन्त्रता भन्ने शब्दहरू पावलले गलातीको पुस्तकमा धेरै पल्ट प्रयोग गर्दछन्।

येशूभक्तहरूको निम्ति स्वतन्त्रता अत्यन्त महत्त्वपूर्ण अवधारणा हो। येशूभक्तहरूको निम्ति स्वतन्त्रको अर्थ येशूमा स्वतन्त्र भएर जिउनु हो। यो परमेश्‍वरप्रति पूर्ण समर्पित, भरपर्दो र बफादारी जीवन बिताउने अवसर हो। परमेश्‍वरमा रहन्दा हामीहरूको स्वतन्त्र भक्ति जीवनलाई कसैले रोक्न सक्दैन। यस नयाँ जीवनले हामीलाई तीन तत्वहरूबाट स्वतन्त्र हुन्छौंः (१) पापको दासत्वबाट, (२) परमेश्‍वरको व्यवस्थालाई भङ्ग गर्दा दोषी हुने मनस्थितिबाट र (३) मृत्युको शक्तिबाट।

गैर-यहूदीहरूलाई सुसमाचार प्रचार गर्ने आफ्नो विशेष जिम्मेवारी भएको पावलले महशूस गरेका थिए। पावलले आफ्नै शब्दमा त्यो जिम्मेवारीलाई गलाती २:७ मा यसरी व्यक्त गर्दछन् " ७ बेखतनाकाहरू वा अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्ने अभिभारा मलाई दिइएको थियो। मेरो काम पत्रुसको जस्तै हो। उनलाई यहूदी अर्थात् खतनाकाहरूलाई सुसमाचार प्रचार गर्ने अभिभारा दिइएको थियो।" (न्यु इन्टरनाशनल रिभाइज्ड भर्जनबाट रूपान्तरित)। चर्चमै भएका विभिन्न अगुवाहरूको बीचमा भएको एकताको स्वभावलाई त्यसले कसरी हाम्रो सामु प्रस्तुत गर्दछ?

परमेश्‍वरले पावललाई अन्य जाति तथा गैर-यहूदीहरूको माझमा सुसमाचार प्रचार गर्न बोलाउनुभएको हो भनेर उनले विश्‍वास गरेका थिए। त्यसरी नै पत्रुसलाई यहूदीहरूको बीचमा सुसमाचार प्रचार गर्न नियुक्त गर्नुभएको थियो। पत्रुस र पावल दुवैले प्रचार गरेको सुसमाचार एउटै थियो। तर सुसमाचार कसरी प्रचार गरिएको थियो वा गरिने हो भन्ने कुरामाचाहिँ ती मानिसहरूमा भर परेको थियो जसकहाँ प्रेरितहरू पुगेका थिए। त्यहि सुसमाचार विभिन्न व्यक्तिहरूलाई विभिन्न तरिकाले प्रचार गर्नुपर्छ भन्ने सुझाव पनि त्यस

पदले दिंदछ। "विभिन्न पृष्टभूमीहरूको बाबजुद पनि सुसमाचारले सबै विश्वासीहरूलाई एकै थलोमा ल्याउँदछ। एकतामा रहेर चल्ने आचरणले इसाईहरू एक आपसमा कसरी सहमत भएर चलेका छन् भनेर देखाउँछन्।"-जेम्स डी. जी. डन ,द इपस्टल टु द गलेशियनस्) पिवडी , मासाचुसेटस् :हेन्ड्रिकसन पब्लिशरस् ,१९९३ (पृ. १०६बाट रूपान्तरित।

यदि हाम्रो प्रचार गर्ने र गवाही दिने शैलीमा हामी संतुष्ट छैनौ भने कुन उपायहरू अपनाउनुपर्दछ त ?संतुष्ट नभएका कुराहरू कुन-कुन हुन् ?तिनीहरूले तपाईंलाई कसरी असजिलो पारिरहेका छन् ?ती कुराहरूलाई ख्याल गर्न के तपाईं आफ्नो मन खुला गर्न सक्नुहुन्छ?

यदि हाम्रो प्रचार गर्ने र गवाही दिने शैलीमा हामी संतुष्ट छैनौ भने कुन नयाँ उपायहरू अपनाउनुपर्दछ त ? कुन तरिकाले सुसमाचार सुनाउँदा तपाईंलाई अपठ्यारो पार्दछ र किन नयाँ तरिकाले प्रचार गर्नु असल हो भनेर तपाईंले कसरी ठम्याउने?

## ४. एन्टिओखियामा मुठभेट) गलाती २:११-१३(

पत्रुसले सिरियाको एन्टिओखियामा विश्वासीहरूसँगको भेटघाट गर्न यात्रा गरे। प्रेरितको पुस्तकमा वर्णन गरिए अनुसार यो गैर-यहूदी इसाईहरूको प्रथम् चर्च स्थापना भएको ठाउँ थियो। यस ठाउँलाई पावलले गैर-यहूदी अर्थात् अन्य जातिहरूको बीचमा सुसमाचारको प्रचार गर्न मूल थलो बनाएका थिए। जब पत्रुस यस स्थानमा आइपुगे तब उनी स्वतन्त्र रूपमा गैर-यहूदी इसाईहरूको बीचमा हेलमेल भएका थिए। तब एकदिन याकूबले पठाएका केही यहूदी-इसाईहरू त्यस ठाउँमा आइपुगे तब तिनीहरूले के भन्लान् भन्ने डरले पत्रुसले आफ्नो आचरणलाई परिवर्तन गरे। अर्थात् पत्रुसले ती गैर-यहूदी इसाईहरूको बीचमा आफू हेलमेल नभएको आभास् ती यहूदी-इसाईहरूलाई दिएका थिए।

अन्य-जातिहरूको बीचमा भएको हेलमेल गर्नुबाट आफू अलग हुनु गलत थियो भनेर पत्रुसले किन ठानेनन्? मानिसको जीवनमा संस्कार, संस्कृति, रहनसहन ,सामाजिक चलन कत्तिको प्रभावकारी रहेछ पत्रुसको क्रियाकलापले कसरी देखाउँदछ? हेर्नुहोस्: गलाती २:११-१३ " ११ तर जब केफास एन्टिओखियामा आए, तब मैले उनलाई खुल्लमखुल्ला विरोध गरें। किनकि उनी दोषी थिए। १२ याकूबले पठाएका मानिसहरू आउनभन्दा अघि उनले अन्यजातिहरूका साथमा खाने गर्दथे। तर जब तिनीहरू आइपुगे तब उनी अन्यजातिहरूबाट पछि हटेर अलग भए, किनकि उनी खतनाका दलदेखि डराएका थिए। १३ अरू बाँकी यहूदीहरूले पनि त्यस्तै कपटपूर्ण काम गरे।

यहाँसम्म, कि तिनीहरूको कपटपूर्ण व्यवहारले गर्दा बारनाबास पनि भड्केर गए।" र (के पत्रुसले गोरा कर्णेलिएससँगको अनुभव बिर्से त?) प्रेरित १०:१-४८ " १ कैसरियामा कर्नेलियस नाउँका एक जना मानिस थिए, जो इटालिया भन्ने पल्टनका एक कप्तान थिए। २ तिनी ईश्वरभक्त थिए, र तिनी र तिनको सारा परिवारले परमेश्वरको भय मान्थे। तिनले मानिसहरूलाई उदारतासाथ दान दिई परमेश्वरलाई सधैं प्रार्थना गर्थे। ३ तिनले दिउँसो तीन बजेतिर दर्शनमा स्पष्ट रूपले परमेश्वरका एउटा स्वर्गदूत आफूतर्फ आएर यसो भनिरहेका सुने, "कर्नेलियस! ४ भयभीत भएर तिनले उनलाई नियालेर हेरे र भने, "प्रभु, भन्नुहोस्। अनि उनले तिनलाई भने, "तिम्रा प्रार्थना र गरीबहरूलाई दिएका दान सम्झनाको रूपमा परमेश्वरको सामने पुगेका छन्। ५ अब मानिसहरूलाई योप्पामा पठाऊ, र पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ। ६ तिनी चर्मकार सिमोनकहाँ बसेका छन्, जसको घर समुद्रको किनारमा छ। ७ जब तिनीसँग बोल्ने स्वर्गदूत बिदा भए, तब तिनले आफ्ना नोकरहरूमध्ये दुई जना र निरन्तर तिनको सेवा-टहल गर्ने एक जना भक्त सिपाहीलाई बोलाए, ८ र तिनीहरूलाई सबै कुरा बताएर योप्पामा पठाए। ९ भोलिपल्ट तिनीहरू आफ्नो यात्रामा त्यस सहरको नजिक आइपुग्दा, दिउँसो बाह्र बजेतिर पत्रुसचाहिँ प्रार्थना गर्न घरको कौसीमा उक्ले। १० तिनी भोकाए, र तिनले केही खाने मन गरे, तर अरूहरूले भोजन तयार गरिरहेको बेला तिनी ध्यान-मग्न भए। ११ तिनले स्वर्ग उघ्रेको र त्यहाँबाट चारै कुनामा बाँधिएको तन्नाजस्तो केही पृथ्वीतिर झरिरहेको देखे। १२ त्यस तन्नामा पृथ्वीका सबै किसिमका चारखुट्टे जनावर र घस्रने प्राणी र आकाशका चराचुरुङ्गीहरू थिए। १३ तब तिनले एउटा आवाज सुने, "ए पत्रुस उठ, र मारेर खाऊ।

१४ तर पत्रुसले भने, "होइन प्रभु, किनभने मैले कहिल्यै केही अपवित्र वा अशुद्ध थोक खाएको छैनँ। १५ त्यो आवाज फेरि दोस्रो पल्ट तिनले सुने, परमेश्वरले जे शुद्ध गर्नुभएको छ त्यसलाई तिमी अपवित्र नठान। १६ तीन पल्टसम्म यस्तो भयो, र तुरुन्तै त्यो तन्ना स्वर्गतिर लगियो।

१७ जब पत्रुस आफूले देखेको यो दर्शनको अर्थ के होला भनेर मनमनै अन्योलमा परेका थिए, त्यति नै बेला कर्नेलियसले पठाएका मानिसहरू सिमोनको घर खोज्दै ढोका अगाडि खड़ा भए, १८ "पत्रुस भनिने सिमोन यहाँ बसेका छन् कि भनी उच्च स्वरमा सोधे। १९ जब पत्रुस दर्शनको विषयमा विचार गरिरहेका थिए तब पवित्र आत्माले तिनलाई भन्नुभयो, "हेर, तीन जना मानिसले तिमीलाई खोज्दैछन्। २० उठ, र तल जाऊ, र नहिचकिचाईकन तिनीहरूका साथ लाग, किनभने तिनीहरूलाई मैले पठाएको हुँ। २१ तब पत्रुस ओर्ले, र ती मानिसहरूकहाँ गएर भने, "हेर, तिमीहरूले खोजेको मानिस मै हुँ।

तिमीहरू यहाँ आएको कारण के हो २२ तिनीहरूले भने, "एक जना कप्तान कर्नेलियस, जो सोझा र परमेश्वरसँग डराउने र सारा यहूदी जातिबाट सम्मान पाएका व्यक्ति हुनुहुन्छ, तपाईंलाई उहाँको घरमा बोलाइपठाउने र तपाईंबाट सन्देश सुन्नू भनी एउटा पवित्र स्वर्गदूतबाट उहाँलाई आदेश मिलेको छ। २३ तब तिनले तिनीहरूलाई भित्र बोलाएर तिनीहरूको सत्कार गरे।

भोलिपल्ट पत्रुस उठेर तिनीहरूसँग गए, र योप्पाका कतिपय भाइहरू तिनको साथ लागे। २४ पर्सिपल्ट तिनीहरू कैसरिया पुगे। आफ्ना कुटुम्बहरू र घनिष्ठ मित्रहरूलाई बोलाएर जम्मा गरी कर्नेलियस तिनीहरूको बाटो हेरिरहेका थिए। २५ जब पत्रुस भित्र आए तब कर्नेलियसले तिनीसँग भेट गरी तिनका पाउ परी दण्डवत्‌गरे। २६ तर पत्रुसले उनलाई यसो भन्दै उठाए, "उठ्नुहोस्, म आफै पनि त मानिस नै हुँ। २७ तब तिनी उनीसँग कुरा गर्दै घरभित्र गए, र त्यहाँ तिनले धेरै जना जम्मा भएका भेट्टाए। २८ तब पत्रुसले तिनीहरूलाई भने, "अरू जातिसँग सङ्गत गर्नु, अथवा तिनीहरूलाई भेटघाट गर्नु एक यहूदीको लागि कति अनुचित हो भन्ने कुरा तपाईंहरूलाई थाहै छ, तापनि परमेश्वरले मलाई कुनै मानिसलाई अपवित्र अथवा अशुद्ध नठान्नू भनी देखाउनुभएको छ। २९ यसैकारण डाक्ने बित्तिकै केही आपत्ति नजनाई म तपाईंहरूकहाँ आएँ। तपाईंहरूले मलाई किन डाक्नुभयोरू अब भन्नुहोस्। ३० तब कर्नेलियसले भने, "चार दिनअघि प्रायः यही समय घरमा म तीन बजेको प्रार्थना गरिरहेको थिएँ, तब चहकिलो पोशाक पहिरेका एक जना मानिस मेरो सामुन्ने खड़ा भए, ३१ र भने, कर्नेलियस, परमेश्वरको सामुन्ने तिम्रो प्रार्थनाको सुनाइ भएको छ, र तिमीले गरीबहरूलाई दिएका दानको सम्झना भएको छ। ३२ यसकारण योप्पामा मान्छे पठाएर पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ । तिनी समुद्रको किनारमा चर्मकार सिमोनको घरमा बसेका छन्। ३३ तब मैले तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ, र तपाईं कृपापूर्वक आउनुभयो। अब प्रभुबाट तपाईंलाई आज्ञा भएका सबै कुराहरू सुन्न हामी सबै परमेश्वरको सामुन्ने यहाँ उपस्थित छौं। ३४ तब पत्रुसले बोल्न थाले, "साँच्ची नै म देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, ३५ तर हरेक जातिमा जो उहासँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ। ३६ परमेश्वरले इस्राएलीहरूलाई पठाउनुभएको सन्देश, अर्थात्‌ख्रीष्टद्वारा प्रचार गरिएको शान्तिको सुसमाचार तपाईंहरूलाई थाहा छ। (उहाँ नै सबैका प्रभु हुनुहुन्छ।) ३७ यूहन्नाले प्रचार गरेको बप्तिस्मापछि, गालीलदेखि सुरु गरेर सारा यहूदियाभरि प्रचार गरिएको वचन यही हो, ३८ कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको

साथमा हुनुहुन्थ्यो। ३९ "अनि उहाँले यहूदीहरूको देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका हामी साक्षी हौं। उहाँलाई तिनीहरूले काठमा झुण्ड्याएर पनि मारे। ४० उहाँलाई नै परमेश्‍वरले तेस्रो दिनमा जीवित पारी उठाउनुभयो, र उहाँलाई प्रकट गराउनुभयो, ४१ सबै मानिसलाई होइन, तर हामी जसलाई परमेश्‍वरले साक्षीको रूपमा छान्नुभयो, र उहाँ मृतकबाट जीवित हुनुभएपछि हामीले उहाँसँग खानपान गऱ्यौं। ४२ उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्‍वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ। ४३ सबै अगमवक्ताहरूले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्‍वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ। ४४ पत्रुसले यी कुरा बोल्दाबोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो। ४५ अन्यजातिहरूमाथि पनि पवित्र आत्माको वरदान खन्याइएको देखेर पत्रुसको साथमा आउने यहूदी विश्‍वासीहरू आश्‍चर्यचकित भए। ४६ किनकि अन्य भाषामा बोलेर तिनीहरूले परमेश्‍वरको प्रशंसा गरिरहेका उनीहरूले सुने। तब पत्रुसले भने, ४७ "हामीझैं पवित्र आत्मा पाउने यिनीहरूलाई पानीको बप्तिस्मा हुनदेखि कसले मनाही गर्न सक्छ ४८ अनि तिनले तिनीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू भनी आज्ञा गरे। तब तिनीहरूले पत्रुसलाई केही दिन त्यहीँ रहनुहोस्‌भनी अनुरोध गरे।"

**पत्रुस र उनीसँग भएका अरू यहूदी इसाईहरूले पुरानो करारमा उल्लेख गरेका शुद्ध र अशुद्ध खानेकुरालाई वेवास्ता गर्न थाले भनेर कतिपय यहूदी इसाईहरूले भ्रम फैलाएका थिए। तर त्यो भ्रम गलत थियो। यदि पत्रुस र उनको साथमा रहेका यहूदी इसाईहरूले पुरानो करारमा शुद्ध र अशुद्ध खानेकुराको बारेमा उल्लेखित निर्देशनहरू पालन नगरेको भए त्यहाँ ठूलो कचिङ्गल हुन्थ्यो। यदि कचिङ्गल भएको थियो भने त्यसको बारेमा केहि न केहि लेखा हुन्थ्यो। तर त्यस बारेमा केहि लेखिएको छैन। तर खानेकुराको बिषय भन्दा गैर-यहूदी इसाईहरूको बीचमा बसेर खानु गलत थियो भने यहूदी इसाईहरूको बीचमा चर्चमा ठूलो विरोधको आवाज हुन्थ्यो। यद्यपि, गैर-यहूदीहरूसँग मिलेर खानपिन गर्नु खास समस्या देखिएको थियो। यहूदीहरूले गैर-यहूदी अर्थात् अन्य जातका मानिसहरूलाई अशुद्ध) अछुत, पानी नचल्ने कुजात, म्लेच्छ( जाति ठान्थे (नेपालमा पनि यो प्रचलित छ)। त्यसैले गर्दा केहि यहूदी इसाईहरूले पनि ती गैर-यहूदीहरूसँग सम्भव भएसम्म हेलमेल गर्न चाहेका थिएनन्।**

**यस बिषयमा पत्रुस आफैं पनि अन्य जातिहरूसँगको हेलमेल गर्न आन्तरिकरूपमा संघर्ष गरेका थिए। एकताका उनीले पनि इस्रायलीहरू भन्दा**

गैर-यहूदी वा अरू जाति वा विदेशीहरू अछुत थिए भनेर विश्वास गरेका थिए। तर यस्तो मनस्थितिलाई बोकेर चल्नु गलत हो भनेर परमेश्वरले दर्शनद्वारा पत्रुसलाई देखाउनुभएको थियो। यसमा पत्रुस स्पष्ट भएका थिए। त्यसपछि उनी पश्चिम देश रोमी सैनिकको हाकिम कर्नेलियसको घरमा गए। कर्नेलियसको अनुरोधपछि आफ्नो अधीनको बारेमा उनलाई यसरी जानकारी दिएका थिए , "तपाईंहरूलाई थाहा भएकै कुरा हो कि हामी यहूदीहरूले गैर-यहूदीसँग उठबस गर्नुहुन्न। तर कोहि मानिसपनि छुत अछुत वा शुद्ध अशुद्ध भन्नु हुन्न भनेर परमेश्वरले मलाई दर्शनमा देखाउनुभएकै कारणले म यहाँ तपाईंहरू समक्ष छु।) "प्रेरित १०:२८ रूपान्तरित(। परमेश्वरको सामु जे ठीक थियो त्यही पत्रुसले गर्नुपर्ने थियो भनेर उपरोक्त पदले बताउँछ। तर आफ्ना राष्ट्रका मानिसहरू रिसाउलान् भनेर पत्रुस पहिले धेरै डराएका थिए। त्यसैकारण जब उनी एन्टिओखियामा आए तब परम्परालाई मानी पुरानै अधीनमा हिँडेका थिए। पत्रुसको जीवनमा परम्परा ,सामाजिक रितिथिति ,संस्कार ,संस्कृति र यहूदी धर्मले कत्तिको गहिरो जरा गाडेको रहेछ भनेर त्यसले देखाउँदछ।

तर पावलले पत्रुसलाई ठीक अडानमा राखे। गलाती २:१३मा पत्रुसको काम इमान्दारी थिएन भनेर उनीप्रति आक्रोस व्यक्त गर्दछन्। ग्रीक शब्दमा त्यस शब्दलाई "पाखण्डी वा ढोंगी।" पाखण्डी वा अङ्ग्रेजीमा हिपोक्रेसी भन्ने शब्द ग्रीक भाषाको हिपोक्रिसिस (***hypokrisis)*** *बाट* आएको हो। आफूले विश्वास गरेको र भनेको अनुसार ठीक उल्टोसँग चल्नु नै पाखण्डीपना वा ढोंगी हो। त्यसको अर्थ दुई मुखे हुनु हो। बर्णावासलाई पनि "त्यही पाखण्डी हावाले बगाइ दियो "भनेर पावलले कडा शब्दमा पत्रुसको पाखण्डिपनाको भन्डाफोर गर्छन्। परमेश्वरको एक जनले अर्को जनलाई यस्तो शब्द प्रयोग गर्नु कडा नै देखिन्छ।

ढोंगी वा पाखण्डी हुनु वा मुखले प्रचार गर्ने तर ब्यवहारमा उल्टो देखाउन किन सजिलो छ ?के हाम्रो आफ्नै दोषलाई लुकाउनु सजिलो भएकोले हो र ? अरूको दोष कोट्याउने शिलशिलामा आफ्नो दोषलाई लुकाउने मानिसको चलन छ। तपाईंकै जीवनमा केहि यस्तो ढोंगी आचरण छ त ?अझ जल्दो बल्दो कुरो त ,यस्तो ढोंगी आचरणलाई हामीले कसरी थाहा पाउने र त्यसलाई हटाउने?

## ५. पावललाई चिन्ता लागेको विषयबस्तु) गलाती २:१४(

एन्टिओखियाको स्थिति तनावपूर्ण थियो। चर्चका दुई महान अग्रज पावल र पत्रुस खुलारूपमा झगडा गरिरहेका थिए। पत्रुसले आफ्नो चर्तिकलाको निम्ति स्पष्टिकरण दिन पावलले माग गरेका थिए। सुरूको इसाई इतिहासमा पत्रुस र

पावल धरोहरको रूपमा खडाभएको सबैलाई थाहा छ। तैपनि पत्रुसप्रति आक्रामक अधीन लिन पावल पछाडि परेका थिएनन्।

सबैको सामु पावलले पत्रुसको बिरोध गरेको कारण के थियो ? हेनुहोस् :गलाती २:११-१६ " ११ तर जब केफास एन्टिओखियामा आए, तब मैले उनलाई खुल्लमखुल्ला विरोध गरें। किनकि उनी दोषी थिए। १२ याकूबले पठाएका मानिसहरू आउनभन्दा अघि उनले अन्यजातिहरूका साथमा खाने गर्दथे। तर जब तिनीहरू आइपुगे तब उनी अन्यजातिहरूबाट पछि हटेर अलग भए, किनकि उनी खतनाका दलदेखि डराएका थिए। १३ अरू बाँकी यहूदीहरूले पनि त्यस्तै कपटपूर्ण काम गरे। यहाँसम्म, कि तिनीहरूको कपटपूर्ण व्यवहारले गर्दा बारनाबास पनि भड्केर गए। १४ तर जब सुसमाचारको सत्यताबमोजिम तिनीहरू नचलेका मैले देखें, तब तिनीहरू सबैका सामुन्ने मैले केफासलाई भनें, “तपाईं यहूदी भईकन यहूदीजस्तो नभई अन्यजातिहरूजस्तै चल्नुहुन्छ भने, अन्यजातिहरूलाई यहूदीजस्तै जिउन कसरी कर लाउनुहुन्छ?” १५ हामी जन्मैका यहूदी हौं, र अन्यजाति जस्तै पापी होइनौं, १६ र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिँदैन, तर येशू ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ। यसकारण हामीले पनि हाम्रो विश्वास ख्रीष्ट येशूमा राख्यौं, ताकि हामी व्यवस्थाका कामद्वारा होइन तर ख्रीष्टमा राखिएको विश्वासद्वारा धर्मी ठहरिन सकौं, किनकि व्यवस्थाका कामद्वारा कोही पनि धर्मी ठहरिँदैन।"

पत्रुसले येरुशलेमबाट आएका यहूदी इसाई पाहुनाहरूसँग खानगएकोमा पावलको गुनासो थिएन। पूर्वी सभ्यता र पुरानो संस्कार अनुसार पाहुनाहरूसँग खानु अतिथी सत्कारको अनिवार्यता पत्रुसले पालन गरेको देखिन्छ। तर पत्रुसको व्यवहारले सुसमाचारको प्रभावलाई कमजोर पारेकोले पावल पत्रुसप्रति आक्रामक भएका थिए।

पावलले पत्रुसको खिलाफमा जुन कडा अधीन लिएका थिए त्यो के थियो भनेर देहायका पदहरूले हामीलाई कसरी स्पष्ट पार्दछन्? हेर्नुहोस्ः गलाती ३:२६-२९ " २६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।" र कलस्सी ३:११ "यहाँ ग्रीक र यहूदी, खतनाका र बेखतनाका, अशिक्षित, असभ्य, कमारा र फुक्काको भेद रहनेछैन, तर ख्रीष्ट नै सबै कुरा र सबै कुरामा हुनुहुन्छ।"

**एक फेरा येरुशलेममा विश्‌वासीहरू बीच बिभिन्न विषयमा भएको कचकचलाई मत्थर पार्न याकूबको अध्यक्षतामा समीती खडा भएको थियो। त्यस बेला पावल पनि पत्रुसको साथमा थिए। गैर-यहूदी तथा अन्य जाति वा बिदेशीहरूलाई खतनाको बोझ नथपी येशूको आशिष सबैले समान रूपमा उपभोग गर्न पाउनु पर्छ भनेर सर्वसम्मतको आधारमा त्यस समीतीले पारित गरेको थियो। तर पत्रुसको क्रियाकलापले त्यस सहमतिलाई खतरामा पारेको थियो। एक फेरा यहूदी र गैर-यहूदी इसाईहरूसँगसँगै खुला रूपमा सत्सङ्गमा लागेका थिए। तर एन्टोओखियामा बिभाजन आएको थियो। त्यसले गर्दा चर्चको भविष्यलाई नै खतरामा पारेको थियो। गैर-यहूदी र यहूदी चर्च दुई खेमामा बिभाजन भएको पावलले देखेका थिए।**

पत्रुसको क्रियाकलापले गैर-यहूदी अर्थात् अन्य जाति वा विदेशी इसाईहरूलाई नकारात्मक सन्देश दिएको पावलको दृष्टिकोण थियो। पत्रुसको व्यवहारले अन्य जाति इसाईहरू दोश्रो दर्जाका बिश्‌वासी भएका वा यहूदी इसाईहरूको बराबरीमा नभएको भनेर देखाएको पावलको बुझाइ थियो। पूर्ण इसाई सत्ससङ्गमा लाग्न गैर-यहूदी इसाईहरू पनि यहूदी रितिथिति वा परम्परालाई पालन गरेर खतना गर्नुपर्छ भन्ने आभास पत्रुसले दिएका थिए भनेर पनि पावलको निष्कर्ष थियो। पावल कडा शब्दमा पत्रुसको भन्डाफोर गर्दै भन्दछन् ,"तपाईं यहूदी भएर पनि यहूदीको सतप्रतिसत अधीनमा चल्न सक्नुभएको छैन। तर तपाईंले किन गैर-यहूदीलाई यहूदी मार्गमा हिंड्न दवाव दिन खोज्नुहुन्छ?" (गलाती २:१४ रूपान्तरित(। "यहूदीको बाटोमा लाग्नु " )पद १४ रूपान्तरित (भन्ने पदलाई अरूमाथि जबरजस्ती" यहूदी" बनाउन खोजेको भनेर अनुवाद गर्न सकिन्छ। यसको अर्थ ,"यहूदी जीवनशैली अपनाउनु "हो। त्यसबेला कतिपय गैर-यहूदीहरू यहूदी भएर यहूदीहरूको सभाघर वा उपासना केन्द्रमा सहभागी भएका थिए। यसै सिलसिलामा तिनीहरूले यहूदीहरूको विभिन्न रितिथितिमा भाग लिएका थिए। गलातीमा भएका पावलले आफ्ना विरोधीहरूलाई जबरजस्ती "यहूदी" बनाउन खोज्ने भनेर सम्वोधन गरेका थिए।

जुन काम पत्रुसले गरे त्यो त आफै गलत थियो। तर उनीसँगै बर्णावास पनि लागेका थिए। दुवै पत्रुस र बर्णावासलाई यो अधीन गलत थियो भनेर थाहा पाउनुपर्थ्यो। तर साथीभाइको दवाब कत्तिको शक्तिशाली हुँदो रहेछ भन्ने स्पष्ट उदाहरण त्यसले देखाउँछ। आफ्ना साथीभाइको दवाब भनेको आफूले अरूबाट सम्मान पाउन तिनीहरूले जे गरे सो गरेर देखाउनु हो। हाम्रा वरिपरि भएका मित्र तथा साथिभाइहरूको गलत अधीनबाट हामी कसरी

सुरक्षीत हुने ?तिनीहरूको दवावमा परेर येशूअधीनलाई ओझेलोमा नपार्न हामी कसरी सिक्ने?

## उपसंहारः

थप जानकारीः **एलेन जी ह्वाइटले आफ्नो पुस्तक *काउन्सिलस टु राइटरस् एण्ड इडिटरस* को पृ. ४५,४७मा उल्लेखित "इनभेस्टिगेशन अभ न्यु लाइट" अंशमा चर्चका विश्वासीहरूको बीचमा विभिन्न विषयहरूमा मतभेद भएतापनि एक हुनुपर्छ भनेर सल्लाह दिएकी छिन्।**

"यदि परमेश्वरले नअगुवाइ गर्नुभएको भए जतिसुकै मै हुँ भन्ने असल इसाईहरूले पनि भयङ्कर गल्ती काम गर्न सक्छन्। जो मानिसमा धेरै शक्ति वा प्रभाव छ त्यस मानिसले अरूहरूभन्दा अरूहरूलाई असल काम गर्न र सत्यमा हिंडाउने अवसरबाट चुक्न सक्छ। उसले धेरै मानिसहरूको दिमाग र मनहरूलाई नोक्सान गर्न सक्छ। त्यसकारण जब त्यस मानिस परमेश्वरको पछि लागेको छ भनेर दावी गर्छ तब ऊ धेरै होसियार हुनुपर्छ। एन्टिओखियामा पत्रसले न्यायोचित काम गर्न र इमान्दारी हुन असफल भएका थिए। उनको गलत उदाहरणले गर्दा उनले पावलको प्रतिकार मुखामुख सामना गर्नुपरेको थियो। दुई इसाई योद्धाहरूको बीचमा भएको झगडा बाइबलमा लेखिएको छ ताकि अरूहरूले त्यसबाट सिकुन्। चर्चमा ठूलो अधिकार पाएका मानिसहरूको निम्ति त्यो चेतावनीको स्वरुप लेखिएको भनेर मान्नु पर्छ। जे उचित छ र इमान्दारी छ सो गर्नु पर्छ भनेर सिकाउन त्यो लेखा राखिएको हो। परमेश्वरको व्यवस्थामा जे भएतापनि सत्यवादी भएर हिंड्नुपर्छ भन्ने पाठ त्यसले सिकाउँछ।

## चिन्तनमननः

**अ. मुखामुख गरेर कसैको चुनौतिको सामना गर्न प्रायजसो मानिसहरूले मनपराउँदैन। तर कहिलेकाहीं त्यो हुनु आवश्यक छ। गलत काम गर्ने र अनुशासनमा नबस्ने चर्चका विश्वासीहरूलाई कहिले सम्हाल्नुपर्छ?**

आ. जति जति चर्च बढ्दै गयो त्यति त्यति चर्चमा विभिन्न थरिका मानिसहरू र एक आपसमा फरक सोच भएका मानिसहरूको जमघट हुन्छन्। त्यस अनेकतालाई नबिगारीकन पनि विश्वासीहरूलाई एकतामा राख्न चर्चले कस्तो कदम चाल्नुपर्छ? हामीहरूको बीचमा भएको विभिन्न संस्कार र जीवनशैलीलाई सऱ्हाना गर्दै एक आपस रमाइलो मानेर

कसरी मिलेर बस्न सिक्ने? ती सबैको बाबजुद पनि हामी चर्चमा एक भएर कसरी बस्ने?

इ. हामीभन्दा फरक जीवनशैली अपनाउनेहरूको बीचमा सुसमाचार प्रचार गर्दा सुसमाचारको शैलीमा किन बदल्न हुँदैन? फेरि त्यसैवखत के कुरा बदल्नुपर्छ? ती दुईको बीचमा कसरी फरक छुट्याउने?

**सारांश:**

यदी कोही सही अनुयायी हुन चाहन्छ भने अन्य जाति वा गैर-यहूदीहरूले पनि खतना गर्नुपर्छ भनेर कतिपय यहूदी इसाईहरूले जिकिर गरेका थिए। त्यस विश्‍वासको प्रचारले गर्दा नयाँ करारको चर्च झण्डै दुई टुक्रामा बिभाजित भएको थियो। तर त्यस बिभाजनलाई रोक्न प्रेरितहरूले एक आपसमा मिलेर काम गरेका थिए। आफूहरूको बिभिन्न सोचहरूलाई तिनीहरूले थन्क्याएका थिए। त्यसले गर्दा तिनीहरूले ख्रीष्टको शरीरलाई नटुक्राउन र सुसमाचारको सत्यताप्रति बफादार हुन विश्वासीहरूलाई सक्षम् बनाएका थिए।

कथा ३

# डेभिडले अचम्मको कुरो पत्ता लगाउँछन्

डेभिडले अचम्म मान्दै आफ्नो बङ्गाली भाषाको बाइबलमा यो वाक्य एक टक लगाएर हेर्छन्: ×सातौं दिन तिम्रो परमेश्‍वरको साबथ दिन हो।" लोकले सिकाएको अनुसार इसाई भएको डेभिड स्कुलको शिक्षक थियो। जब उनले ती शब्दहरू प्रथम पल्ट देखे तब उनी छक्क परेर केही बेर हेरिरहन्छन्।

त्यसको अर्थ के हो? कुन दिन सातौं दिन हो? उनको पात्रो अनुसार शनिवार सातौं दिन थियो। कुनै पनि इसाई शनिवार चर्च गएको उनलाई थाहा थिएन। आफ्नो चर्चको अगुवा बिशपलाई यो सोध्न जान्छु भनेर आफ्नी श्रीमती स्वर्णलाई उनले भन्छन्, उहाँ त बाइबलको गुरू हुनुहुन्छ उनलाई त्यसको जवाफ थाहा नै होला।"

बाइबलले जे भन्छ त्यसको वास्ता नगर। तिमीले निरन्तररूपमा आइतवार सेवा गरे अनुसार नै त्यही दिन आराधना गर्दै गर" बिशपले डेभिडलाई सल्लाह दिन्छन्।

आफ्नो चर्चको मूल धर्मगुरू बिशपको जवाफले डेभिडलाई झन अलमलमा पर्‍यो। मसँग बिशपले साबथको बारेमा किन छलफल गर्न चाहेन?" अचम्म मान्दै झन गहिरिएर सोच्न पुगे।

घरमा आएर आफ्नी श्रीमती स्वर्णलाई आफ्नो गुनासो पोखाए, ×हैन, सातौं दिन साबथ पवित्र हो र हामीले त्यसलाई पालन गर्नुपर्छ भनेर बाइबलले स्पष्टसँग देखाउँछ तर बिशपले त्यसको बारेमा मसँग छलफल गर्न किन चाहेन होला? आइतवारलाई नै पालन गरेर बस्नुपर्छ भनेर उनले मलाई सिकाए। यसले मलाई संतोषै लागेन। मलाई के गरूँ के नगरूँ भइरहेको छ।"

सायद हामी उपवास बसेर प्रार्थना गर्नुपर्छ होला" स्वर्णले सुझाव दिइन्। यदि हामी गलत दिनमा परमेश्‍वरको आराधना गरिरहेकाछौं भने परमेश्‍वरले हामीलाई देखाउनुहुनेछ। जब डेभिड र उनकी श्रीमती उपवाससाथ प्रार्थना गरे तब परमेश्‍वरको साँचो स्तुति गर्नुछ भने शनिवारमै गर्नुपर्छ भनेर तिनीहरूले निर्णय गरे।

अर्को दिन एक जना आगन्तुक तिनीहरूको घरमा आए। ×के तपाईंलाई त्यस्तो चर्च थाहा छ जसले हप्ताको सातौं दिन शनिबार परमेश्वरको विशेष आराधना गर्छ?" डेभिडले त्यस पाहुनालाई सोधे।

हो मलाई थाहा छ। कलकत्तामा एउटा चर्च छ जसले शनिबारमा आराधना गर्छ।" त्यस पाहुनाले त्यस चर्चको ठेगाना दिए।

अर्को शनिवार त्यस ठेगाना अनुसार डेभिड र उनको श्रीमती स्वर्ण कलकत्तामा गए र तिनीहरूले शनिबार आराधना गर्ने चर्च भेट्टाए। त्यस चर्चका मानिसहरू बाइबल पढिरहेकोले तिनीहरू धेरै खुशी भए। तिनीहरू त्यस दिन त्यस विश्वासीहरूसँग परमेश्वरको आराधना गरे। चर्च पछि ती दम्पत्ति एक जना व्यापारी विश्वासी परिवारको घरमा गए। तिनीहरू जोन र उनका श्रीमती थिए। कुराकानी गरेपछि डेभिडले जोनलाई आफू सत्यलाई खोजिरहेको बारेमा कुरा राखे। अर्को शनिवार हामीहरूको घरमा कसैले आएर तपाईंहरूले किन शनिवार नै परमेश्वरको आराधना गर्नुहुन्छ सो सिकाउन तपाईंको चर्चबाट कोही आएर हामीहरूलाई सिकाइदिनुस न!" भनेर डेभिड र उनको श्रीमती स्वर्णले एकै स्वरमा अनुरोध गरे। हामी आउँछौं" भनेर जोनले वचन दिए।

त्यसको लगत्तै पछि जोन र अर्को एक जना विश्वासी डेभिड र स्वर्णको घरमा गए। केही समयको अध्ययन पछि डेभिड र उनको श्रीमतीले जोन र उनको साथीलाई आफ्नो घरमा साबथको सेवा संचालन गर्न अनुरोध गरे। अनि कलकत्ता सेभेन्थडे एडभेन्टिस्ट चर्चका अरू केही विश्वासीहरू बाइबलको सत्यलाई खोजि गर्ने डेभिडको घरमा तिनीहरूलाई सहयोग गर्न आए।

सेभेन्थडे एडेन्टिस्टले बाइबलका सत्यहरू सिकाइरहेको रहेछ भनेर थाहा पाएर डेभिडले आफ्नो शिक्षक कामबाट राजिनामा दिए र अरूहरूलाई साबथको सत्य ज्ञान सिकाउन थाले। सात महिनाको बाइबल अध्ययन पछि डेभिड र उनको श्रीमती साथै आफूले सिकाएका अरू धेरैहरूसँग बप्तिस्मा लिए।